NBI
National Business Initiative

International Alert.



# नेपालमा निजी क्षेत्र र सार्वजनिक सुरक्षा

## धारणा तथा सम्बोधन

रेबेका क्रोजिअर, जनान गुञ्डुज र डि बि सुवेदी

कार्यपत्र

अगस्ट २०१०

Understanding conflict. Building peace.

## इन्टरनेसनल अलर्टको बारेमा

इनटरनेसनल अलर्ट शान्ति निर्मायाका लागि काम गर्ने एक स्वतन्त्र संस्था हो । हिसात्मक द्वन्द्वबाट प्रभावित समुदायमा अलर्टले वीस वर्षभन्दा बढीदेखि दिगो शान्ति तथा सुरक्षाका लागि जग हाल्ने काम गरिआएको छ । हाम्रो बहुपक्षीय विधिले विभिन्न भौगोलिक क्षेत्रमा जोड दिदै शान्ति निर्माणलाई असर पार्ने नीति तथा व्यवहारलाई आकार दिने लक्ष्य राख्दछ र तालिका माध्यमबाट सीप र क्षमता बढाउन मदत गर्छ ।

हाम्रा कार्यक्षेत्र आफ्रिका, दक्षिण एसिया, दक्षिणी ककासस, ल्याटिन अमेरिका, लेबनान र फिलिपिन्स हुन् । हाम्रा विषयगत परियोजनाहरूले दिगो शान्ति निर्माणमा महत्व राख्ने अन्तर्विषयमा जोड दिंदै स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा काम गर्छन् । यसमा व्यवसाय र अर्थतन्त्र, लैङ्गिकता, सुशान, अन्तराष्ट्रिय सहयोग, सुरक्षा तथा न्याय पर्दछन् । हामी विश्वका शान्ति निर्माणका लागि अग्रणी पात्तिमा रहेका गैरसरकारी संस्थामध्येमा पर्दछौं र हाम्रो लण्डन कार्यालय तथा विभिन्न देशमा गरी १२५ कर्मचारी यसमा कार्यरत छन् । थप जानकारीका लागि हेर्नुहोस्: www.international-alert.org

सर्वाधिकार © इन्टरनेसनल अलर्ट, २०१०

सर्वाधिकार सुरक्षित गरिएको छ । पूरै स्रोत नखुलाई यस प्रकाशनको कुनै पनि अंश फेरि छाप्न, तान्न मिल्नेगरी भण्डारण गर्न वा कुनै पनि रूपमा कुनै पनि माध्यमबाट वा विद्युतीय माध्यमबाट, प्रतिलिपि बनाएको, रिकर्ड गरेर वा अन्य केहीबाट प्रसार गर्न पाइने छैन ।

आवरण चित्र (सर्वाधिकार): © एरिक टोनर, IM Individuell Änniskohjälp www.maniniskohjalp.se

ग्राफिक डिजाइन तथा मुद्रण: पेजपरफेक्ट

# नेपालमा निजी क्षेत्र र सार्वजनिक सुरक्षा

## धारणा तथा सम्बोधन

# लेखकहरूका बारेमा

## रेबेका क्रोजियर

रेबेका क्रोजियर इन्टरनेसनल अलर्टको नेपाल कार्यक्रमका लागि राष्ट्रिय व्यवस्थापकको रूपमा काठमाडौँमा कार्यरत हुनुहुन्छ । इन्टरनेसनल अलर्ट नेपाल सुरक्षा र न्याय क्षेत्र सुधारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय छलफलहरु स्थानीय आवश्यकता र वस्तुस्थितिबाट सुसूचित होस् भन्ने कुराको सुनिश्चित गर्न प्रयासरत छ । उहाँले न्याय र सुरक्षा क्षेत्र सुधारको बहसहरूलाई सुसुचित र प्रभावित तुल्याउन सन् २००७ देखि नेपालको नागरिक समाज र सरकारी सरोकारवालाहरूको क्षमता अभिबृद्धिमा कार्य गर्दै आउनु भएको छ । उहाँले ब्रिमिङ्घम विश्वविद्यालयबाट राजनीतिशास्त्र र अन्तर्राष्ट्रिय अध्ययनमा स्नातक गर्नु भएको छ ।

## जनान गुण्डुज

जनान गुण्डुज इन्टरनेसनल अलर्टको शान्तिनिर्माण मुद्दासम्बन्धी कार्यक्रमको वरिष्ठ कार्यक्रम अधिकृत हुनुहुन्छ र यसअन्तर्गत उहाँले द्वन्द्वप्रभावित मुलुकहरूमा निजी क्षेत्र लगानी देखि लिएर विकास हस्तक्षेपका द्वन्द्व संवेदनशीलता, मध्यस्थता आदि जस्ता बृहत्तर विषयहरूमा काम गर्नुहुन्छ । उहाँको कामहरूमा अनुसन्धान र विश्लेषण, निजी र सार्वजनिक निकायहरूलाई सल्लाह प्रदान, तालिममार्फत क्षमता निर्माण पर्दछन् । जनानले सन् २००६ देखि नेपालका निजी क्षेत्रको शान्तिसम्बन्धी पहलकदमीहरूमा काम गर्दै हुनुहुन्छ । विगतमा उहाँले संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभागको द्वन्द्व एवं मानवीय मामिला विभाग र मानवीय मामिलाको संयोजनको लागि संयुक्त राष्ट्रसंघको कार्यालयको लागि काम गरिसक्नु भएको छ । भियाड्रीना युनिभर्सिटीबाट मध्यस्थतामा स्नाकोत्तर उहाँ एक तालिमप्राप्त मध्यस्थकर्ता हुनुहुन्छ र उहाँले लण्डन स्कुल अफ इकोनोमिक्सबाट विकाससम्बन्धी अध्ययनमा एमएससी समेत गर्नु भएको छ ।

## डि बि सुबेदी

डि बि सुबेदी इन्टरनेसनल अलर्टको नेपाल कार्यक्रमको वरिष्ठ कार्यक्रम अधिकृत हुनुहुन्छ । सुबेदीले अलर्ट नेपालको व्यवसाय, अर्थशास्त्र र शान्तिसम्बन्धी विषयगत कार्यक्रमको नेतृत्व गर्नुहुन्छ । यस कार्यक्रमले नेपालमा शान्तिको सुदृढीकरणमा घरेलु निजी क्षेत्रको भूमिका बुझ्नमा लक्षित अनुसन्धान र विश्लेषण गर्दछ । सुबेदी दिगो शान्तिको लागि आर्थिक पुनःप्राप्तीको महत्वबारे चेतना निर्माण गर्नको लागि निजी क्षेत्र, सम्बद्ध सार्वजनिक क्षेत्र तथा नागरिक समाजबीच संयोजन गर्ने र वार्ता सहजीकरण गर्ने काममा संलग्न हुनुहुन्छ । उहाँले नेपालमा दुई अन्य पहलकदमीहरूको पनि नेतृत्व गर्नु हुन्छ : शान्ति निर्माणमा युवालाई एक प्रमुख शक्तिको रूपमा आबद्ध गराउन भावी कार्यक्रमहरूको लागि कार्ययोजना तर्जुमा र पूर्व माओवादी लडाकुहरूको पुनःस्थापनालाई सहयोग गर्न निजी क्षेत्रलाई संलग्न गर्ने अवसरहरूको खोजी । उहाँ बुडापेष्टस्थित सेन्ट्रल योरोपियन युनिवर्सिटीबाट सामाजिक मावनशास्त्रमा स्नाकोत्तर र नेपालको त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नाकोत्तर हुनुहुन्छ ।

# विषय सूची


सारसंक्षेप ५

१. परिचय ७

२. सार्वजनिक सुरक्षाः व्यवसायिक क्षेत्रको चासो ८

३. सन्दर्भः मुख्य मुख्य सुरक्षा चासो ९

४. आर्थिक वृद्धिमा असुरक्षाले पार्ने असर १२

५. सुरक्षासम्बन्धी निजी क्षेत्रले गरेका काम १४

६. असर र सिफारिसहरू १५

# सारसंक्षेप

प्रस्तुत विवरणपत्र इन्टरनेसनल अलर्ट नेपालको 'शान्तिका लागि समतामूलक आर्थिक पुनरूत्थान' कार्यपत्र श्रृंखलाको एक अंश हो (तल हेर्नुहोस्) । यसले नेपालको निजी क्षेत्रका खास-खास सुरक्षा चासोहरु तथा असुरक्षाको न्यूनीकरण गर्नमा निजी क्षेत्रले गर्न सक्ने योगदान र भूमिका खोज्ने विषयलाई जोड दिएको छ । यसले निजी क्षेत्र, सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदाय लगायतका विभिन्न सरोकारवालाहरूलाई मुलुकमा सार्वजनिक सुरक्षाको स्थिति सुधार्न प्रोत्साहित गर्नका लागि चाहिने प्रवेश बिन्दुहरू खोज्ने प्रयास गरेको छ ।

### कार्यपत्र श्रृंखला : 'शान्तिका लागि समतामूलक आर्थिक पुनरूत्थान'

प्रस्तुत पत्र इन्टरनेसनल अलर्ट नेपालको 'शान्तिका लागि समतामूलक आर्थिक पुनरूत्थान' कार्यपत्र श्रृंखलाको एक अंश हो जसले नेपालको समतामूलक विकासको माध्यमबाट शान्तिका लागि मुख्य-मुख्य शर्तहरु, अवरोधहरु र अवसरहरूबारे अनुसन्धानको आदानप्रदान गर्नुका साथै बहसलाई प्रोत्साहित गर्दछ । यस सम्बन्धी थप जानकारी तथा इन्टरनेसनल अलर्टले नेपालमा गरेका अन्य कामहरूका सम्बन्धमा बुझ्नका लागि हेर्नुहोस्: www.international-alert.org/Nepal

समतामूलक आर्थिक पुनरूत्थान र सुधारिएको सुरक्षा दुवै नेपालमा शान्ति सुदृढीकरणका लागि प्रमुख आवश्यकता हुन् । मुलुकमा विभिन्न समूह तथा क्षेत्रमा आर्थिक गरिबी, उत्पादनमूलक स्रोतहरूमाथि अभिजात वर्गको नियन्त्रण र दशकौं देखिको न्यून विकासले गर्दा गरीबी तथा बहुविध द्वन्द्वहरूलाई मलजल गरिरहेका छन् । निजी क्षेत्रमा असुरक्षाको गम्भीर असर परेको छ । यसले अपराधीकरण बढाउँदैछ, जबर्जस्ती चन्दा असुली, हडताल, बन्द, श्रमिक अशान्तिले उत्पादनलाई धराशयी पारेको छ, कच्चा पदार्थमा पहुँचलाई सीमित तुल्याएको छ, उत्पादित वस्तुलाई बजार जान रोकेको छ, र लगानीकर्ताको आत्मविश्वास खस्काएको छ । सँगसँगै गैरजिम्मेवार तथा कहिलेकाहीँ गैरकानुनी व्यापारिक क्रियाकलापले सार्वजनिक असुरक्षाको चक्रलाई घिउमा आगो थपेको छ र अझ बढी आर्थिक कठिनाई उत्पन्न गरेको छ । यस्तो दुष्चक्र तोड्नु मुलुकभरिका व्यापार क्षेत्रका नेताहरूको हितमा हुनुपर्दछ ।

यस पत्रले जिल्ला स्तरका मुख्य-मुख्य सुरक्षा विषयहरु तथा त्यससम्बन्धी व्यापार क्षेत्रले गरेको कामलाई प्रस्तुत गरेको छ र निम्नानुसारका सिफारिस गरेको छ :

## निजी क्षेत्र

- असुरक्षाको सामना गर्न तदर्थवादी खालका आपतकालीन काम मात्र गर्न छोडेर असुरक्षाका मूल कारणहरूलाई सम्बोधन गर्ने खालका पूरै प्रक्रियालाई प्रभावित गर्न सक्ने पद्धतिसंगत कार्यक्रममा समय लगाउने ।
- असुरक्षालाई बढावा दिने तत्वहरूलाई पन्छाउन पारदर्शीता लगायतका जिम्मेवार व्यापारिक अभ्यासको प्रतिबद्धता र इमानदारी देखाउने ।
- संवाद, साझेदारी र संयुक्त वकालतका लागि नागरिक समाज, सरकार तथा सुरक्षा सेवाप्रदायक निकाय जस्ता अन्य सरोकारवालाहरूसम्म पुग्ने ।
- राष्ट्रिय स्तरमा रोजगारदाता तथा कामदारबीच विद्यमान सामाजिक संवादका प्रयासहरूलाई सुदृढ तुल्याउँदै निजी व्यापारिक प्रतिष्ठानहरूमा पनि त्यस्ता प्रयास जारी राख्ने ।

## नेपाल सरकार

- सार्वजनिक सुरक्षा नीतिको समीक्षा तथा सुधारका काम गर्दा व्यापारिक क्षेत्रसम्म पुग्ने र उनीहरूलाई ती काममा सरिक गराउने ।
- स्थानीय सुरक्षा आवश्यकता तथा समस्याको संयुक्त समाधानका सम्भावनाहरु खोज्नका लागि स्थानीय स्तरमा निजी क्षेत्र, नागरिक समाजलगायत सबै सरोकारवालाबीच संवाद मञ्चहरूको आयोजना गर्ने ।
- भ्रष्टाचार तथा हस्तक्षेप कम गर्न सार्वजनिक टेण्डर प्रक्रियाको इमानदारी तथा उत्तरदायित्व बढाउने खालका प्रयासहरु गर्ने ।

## राजनीतिक दलहरु

- सुरक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेपका कारण सार्वजनिक सुरक्षा तथा आर्थिक विकासमा हुन जाने दीर्घकालीन हानि नोक्सानीकाबारे आत्मसात गर्ने र त्यस समस्यालाई समाधान गर्न आवश्यक कदम चाल्ने ।
- दिगो शान्तिका लागि आर्थिक वृद्धिको महत्व तथा असुरक्षाले अर्थतन्त्रमा पार्ने असरका बारे सार्वजनिक रूपमै आत्मसात गरी आफ्ना युवा तथा भ्रातृ सङ्गठनहरूलाई राम्रोसँग बुझाउने ।
- पार्टी-पार्टीका बीचमा आर्थिक गतिविधिमा नकारात्मक असर नपार्ने गरी कसरी राजनीतिक सहभागिता तथा क्रियाकलाप हुनसक्छ (जस्तै हडताल) भन्ने विषयमा संवाद चलाउने ।

## नेपालमा रहेको अन्तर्राष्ट्रिय समुदाय

- मुख्य-मुख्य सार्वजनिक सुरक्षा समस्याहरु संयुक्त रूपमा पत्ता लगाई तिनको प्राथमिकता निर्धारण गर्न निजी क्षेत्रलाई सघाउने, र यस्ता समस्याको समाधानका निम्ति स्थानीय तथा राष्ट्रिय तहमा वकालत गर्न क्षमताको विकास गर्ने ।
- सार्वजनिक सुरक्षा चासोहरूको सम्बोधनका लागि कार्यक्रमको तर्जुमा वा कार्यान्वयन गर्दा निजी क्षेत्र र नागरिक समाजलाई सरिक गराइ उनीहरूको सहयोग लिने ।
- व्यापारिक अभ्यास, विवाद समाधान तथा मध्यस्थता गर्ने सीप जस्ता क्षमताको माध्यमबाट कार्यक्षेत्रमा पारस्परिक सहयोग, कर्पोरेट सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यक्रम आदिमा निजी क्षेत्र, श्रमिक सङ्गठनहरु तथा नागरिक समाजको क्षमता विकास गर्न सहयोग गर्ने ।

# १. परिचय

यस संक्षिप्त विवरणपत्रले नेपालको निजी क्षेत्रका खास-खास सुरक्षा समस्याहरूलाई देखाउनुका साथै असुरक्षाको न्यूनीकरणमा व्यापारिक क्षेत्रले गर्न सक्ने योगदान पत्ता लगाउने प्रयास गरेको छ । यसले मुलुकमा सार्वजनिक सुरक्षामा सुधार गर्नका निम्ति निजी क्षेत्र, सरकार, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदाय जस्ता विभिन्न सरोकारवालाहरूलाई आवश्यक पर्न सक्ने प्रवेश बिन्दुहरु पत्ता लगाउने काम गरेको छ ।

यो संक्षिप्त विवरणपत्र २००९ को नोभेम्बर महिनादेखि २०१० को फेब्रुअरी महिनासम्म बारा, दाङ्, कैलाली, मोरङ्, पर्सा र सुनसरी जिल्लामा गरिएका अन्तर्वार्ता तथा समूह छलफलका परिणाम हो । अन्तर्वार्ता तथा समूह छलफल प्रत्येक जिल्लाका सहरी क्षेत्र र त्यसका वरिपरि, छनोट गरिएका गाउँ विकास समिति (गाविस) हरु र शहरी क्षेत्रमा निजी क्षेत्र, नागरिक समाज, राजनीतिक दलहरु, श्रमिक सङ्गठनहरु र स्थानीय समुदायहरूका प्रतिनिधिसँग गरिएका थिए । तिनका विषयवस्तु मार्च २०१० मा काठमाडौँ र इटहरीमा निजी क्षेत्रका अगुवाहरु, अन्तर्राष्ट्रिय समुदाय तथा नागरिक समाजका अगुवाहरूसँग बैठक तथा छलफल गरी यथा समय रूजु गरिएका थिए ।

## १.१. पृष्ठभूमि : नेपालमा सुरक्षा र न्याय व्यवस्था

शान्तिपूर्ण समाज अनि दिगो सामाजिक तथा आर्थिक विकासका लागि सुरक्षा तथा न्यायमा पहुँच एवं उत्तरदायित्वपूर्ण व्यवस्था हुनु आवश्यक छ । सुरक्षा व्यवस्था तथा न्यायमा पहुँच हुनुलाई अत्यावश्यक सार्वजनिक सेवाका रूपमा लिने गरिन्छ । असल शासनको प्रवर्द्धनका लागि यो एक नभइनहुने तत्व हो । स्थानीय र राष्ट्रिय दुवै स्तरमा सुरक्षित वातावरण सिर्जना गर्नका लागि यो एक अति महत्वपूर्ण पक्ष हो ।

शान्ति सम्झौता सम्पन्न भएको तथा २००८ मा संविधानसभाको चुनाव हुने बेला काठमाडौँमा सुरक्षा र न्यायसम्बन्धी विषय (जसलाई सुरक्षा क्षेत्र सुधार वा एसएसआर भनेर पनि चिनिन्थ्यो) मा निरन्तर छलफल भएका थिए । ती छलफलका विषयवस्तुमा प्रहरीको प्रभावकारिता, सैनिकमाथि नागरिक निगरानी तथा समग्र सुरक्षा क्षेत्रको कानुनी संरचना समेत परेका थिए । बढीजसो प्रश्नहरु नेपाली सेनाको "उपयुक्त" आकार, राष्ट्रिय सेनामा जनमुक्तिसेनाको समायोजन तथा बढ्दो संख्याका लडाकु युवा समूहहरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने जस्ता विषयमा केन्द्रित थिए । संविधान निर्माणकालागि म्याद सकिन लागेको बेला प्रमुख दलहरूबीच खासगरी 'समायोजन' को विषयमा जुन गतिरोध जारी रह्यो आजको राजनीतिक परिदृश्य त्यसैको परिणाम हो ।

राजनीतिक दलहरूले संविधानसभाको माध्यमबाट सुरक्षा तथा न्यायसम्बन्धी समस्याहरूको सम्बोधन गर्न प्रतिबद्धता व्यक्त गरेका छन् । यसो भए तापनि दीर्घकालीन रूपमा सुधारलाई टिकाइ राख्नका लागि यस क्षेत्रमा कुनै पनि प्रकारका परिवर्तन आवश्यक छन् भने विविधतायुक्त समुदायका आवश्यकता र तिनमाथि पर्न जाने असरलाई ध्यानमा राखी तिनलाई नेपालभर नै छलफलमा ल्याउनुपर्छ । काठमाडौँका संस्था तथा प्रक्रियालाई नेपालभरकै जनसंख्याका विभिन्न क्षेत्रका सुरक्षा आवश्यकता तथा सुरक्षा चुनौतीसम्बन्धी थप सूचनाहरूबाट फाइदा पुग्नेछ । यस समझदारीले युक्त भएपछि मात्र कुनै पनि भावी नीतिगत सुधारसम्बन्धी निर्णयहरूले व्यापक नेपाली जनताका विविधतापूर्ण आवश्यकता पूरा गर्न सकिने गरी जनअनुमोदन प्राप्त गर्नेछन् ।

# २. सार्वजनिक सुरक्षाः व्यावसायिक क्षेत्रको चासो

समतामूलक आर्थिक पुनरूत्थान नेपालमा शान्तिको सुदृढीकरणका लागि एक प्रमुख आवश्यकता हो । विभिन्न समूह तथा क्षेत्रमा भएको आर्थिक गरिबी, उत्पादनशील स्रोतहरूमा अभिजात वर्गको नियन्त्रण, तथा दशकौं सम्मको न्यून विकासले देशमा गरीबी र बहुमुखी द्वन्द्वलाई बढावा दिएको छ । जनतामा खासगरी आर्थिक अवसरहरूको लागि शान्तिको चाहना उच्चस्तरमा छ । अपेक्षित रूपमा शान्ति प्रक्रिया अघि बढ्न नसकेको हुनाले खासगरी युवाहरूमा निराशा बढ्दो छ ।

कमजोर कानुन व्यवस्था तथा सार्वजनिक सुरक्षाको अभावले अति आवश्यक आर्थिक वृद्धि र पुनरूत्थानमा निकै ठूल्ठूला चुनौतीहरु खडा गरेको छ । खासगरी जिल्ला स्तरमा यस्तो अवस्था छ । त्यसैले दिगो आर्थिक पुनरूत्थान तथा शान्तिको सुदृढीकरणमा मद्दत पुऱ्याउने क्रममा कानुन व्यवस्था प्रमुख विषय बन्न पुगेको छ ।

निजी क्षेत्र निकै मात्रामा असुरक्षाको मारमा परेको छ । बढ्दो अपराधीकरण, जबर्जस्ती चन्दा असुली, हडताल, बन्द तथा श्रमिक अशान्तिले उत्पादनमा अवरोध ल्याउने, कच्चा पदार्थमा पहुँचलाई सीमित तुल्याउने, उत्पादित वस्तुलाई बजारमा जान नदिने र लगानीकर्ताको आत्मविश्वासलाई खस्काउने काम गरेका छन् । कमजोर सुरक्षा व्यवस्थाको कारणले गर्दा व्यावसायिकक्षेत्रलाई आफ्नो व्यक्तिगत जायजेथा जोगाउनका लागि निजी सुरक्षा प्रबन्धमा भर पर्नुपर्ने स्थिति विद्यमान छ । यसबाट व्यवसाय गर्नका लागि बढी व्ययभार पर्नुका साथै खुद्रा मूल्यमा असमयमै वृद्धि हुन गएको छ । खासगरी तराई क्षेत्रमा फिरौती तथा पैसा असुल्नका लागि व्यापारीहरूको अपहरण हुने गरेको छ र त्यसका लागि व्यापारीहरु हतियारधारी समूहका निशाना बनेका छन् । यी यावत कारणले निजी क्षेत्र स्पष्ट रूपमा शान्ति सुरक्षाको पुनर्बहाली भएको देख्न चाहन्छ । राजनीतिक स्तरमा व्यावसायिक क्षेत्र निजी सम्बन्ध तथा व्यावसायिक सञ्जालको माध्यमबाट प्रभावित तुल्याउन पनि समर्थ छ ।

# ३. सन्दर्भः मुख्य मुख्य सुरक्षा चासो

काठमाडौँ तथा सबै जिल्लाका अन्तर्वार्ता लिइएका व्यक्तिहरूको अत्यधिक संख्याले असुरक्षा तथा कमजोर कानुन व्यवस्थालाई नै आर्थिक वृद्धिको प्रमुख तगारो मानेको छ । अन्य अवरोधकहरूमा राजनीतिक अस्थिरता, उर्जाको कमी र श्रमिक अशान्ति पर्दछन् । जिल्लाका निजी क्षेत्रका प्रतिनिधिहरूले मुख्य सुरक्षा समस्याहरूलाई तल लेखिएबमोजिम व्यक्त गरेका थिए :

## बढीजसो हतियारधारी आपराधिक जत्थाहरूको बढ्दो संख्या

तराईका जिल्लाका सहभागीले भारतसँगको खुला सीमाना हुनुले बढ्को आपराधिक क्रियाकलापलाई प्रोत्साहन मिलेको अनुभव गरेका छन् । आपराधिक समूहले भूमिगत समूह र कहिलेकाहीँ प्रमुख राजनीतिक दलसँग पैसा र ठेक्काका लागि गोप्य सम्झौता गर्ने गरेको बताइएको छ । आपराधिक समूहहरूमाथि जबर्जस्ती चन्दा असुली र फिरौतीका लागि व्यापारीहरूको अपहरण समेत गर्ने गरेको आरोप लागेको छ ।

## जबर्जस्ती पैसा तथा चन्दा असुली

आपराधिक समूहले जबर्जस्ती पैसा लिन र अपहरण गर्नका लागि तथा प्रमुख राजनीतिक दल (नेकपा माओवादी) ले चन्दा लिन व्यापारी र तिनको परिवारलाई मुख्य निशाना बनाउने गरेका छन् । पैसा असुलीको लागि मोबाइलबाट धम्की आउने गरेको छ र बढीजसो मेरो मोबाइल (हालको एनसेल मोबाइल), भारतीय मोबाइल र अन्य अन्तर्राष्ट्रिय नम्बर प्रयोग भएका छन् ।

## बढ्दो चोरी तथा स-साना अपराध

साना व्यवसायीहरूले राजनीतिक अस्थिरताको बेलामा गुण्डागर्दी, तोडफोड र सामानको चोरी जस्ता बढ्दा स-साना अपराधबाट खतराको अनुभव गरेका छन् । सार्वजनिक सुव्यवस्था कायम राख्न नियन्त्रण गर्ने काममै प्रहरी शक्तिले आफूलाई अल्झाइराखेको अवस्थाको फाइदा लिएर गरिने यस्ता अपराध व्यापक मात्रामा अवसर वादी प्रकारका देखिन्छन् । अति थोरै साना व्यवसायको मात्र बीमा गरिएको हुन्छ र सानासाना घटना जस्तै पसलको अगाडिको झ्याल तोडफोड भयो भने पनि अति कम नाफा राख्ने यस्ता साना व्यवसायले धान्न सक्तैनन् ।

## सुरक्षा र न्याय क्षेत्रमा राजनीतिक हस्तक्षेप

यस अनुसन्धानमा समेटिएका जिल्लाका तथा काठमाडौँका निजी क्षेत्रका प्रतिनिधिहरूले राजनीतिक हस्तक्षेपले सुरक्षा र न्याय व्यवस्थालाई कमजोर बनाउँछ र सुरक्षा र न्याय सेवाप्रदायकमाथि आम जनताको विश्वास घटाउने काम गर्दछ भन्ने आत्मसात गरेको पाइयो ।

## स्रोतसाधनको अभाव भएको प्रहरी बल

प्रष्ट देखिने गरी कर्मचारी, उपकरण तथा पूर्वाधारका क्षेत्रमा अति नै कम स्रोत प्रवाहित गरिएकोले प्रहरीप्रति जनताको विश्वास झन् खस्कँदै गएको छ ।

## बारम्बारको बन्द र हिंसात्मक प्रदर्शन

सन् २००९ मा लगभग ७०० जति बन्दको आह्वान गरिएको थियो र सबैभन्दा बढी बन्दका घटना तराईमा भएका थिए । उद्योग वाणिज्य महासंघको अनुमानअनुसार एक दिन मात्र बन्द गरियो भने औद्योगिक क्षेत्रमा करिब ६८ करोड रूपैयाँको नोक्सानी हुन्छ ।[१] यातायात बन्दले कच्चा पदार्थको आयात गर्न र उत्पादित वस्तुलाई बजारमा जानबाट रोक्छ । बन्दले साना व्यवसाय तथा कृषिजन्य वस्तुका उत्पादकहरू जस्ता कम नाफा हुने व्यवसायलाई धेरै बढी हानी पुऱ्याउँछ ।

यस्ता श्रमिक सङ्गठनहरूले रोजगारदातासँग उच्चतम माग गर्न एकअर्कासँग प्रतिस्पर्धा गर्ने गरेको र माग पूरा गर्न नसक्ने धेरै रोजगारदाताले आफ्नो व्यवसाय या त अरूलाई ठेक्कामा दिने या बन्द गर्ने गरेको पाइयो ।

## श्रमिक सङ्गठनहरूको अधिक राजनीतिकरण तथा श्रम विवादको हिंसाकरण

सबै प्रकारका मझ्यौला तथा ठूला व्यवसायहरूले नेपालमा व्यापार व्यवसाय गर्नका लागि "अति पूर्वाग्रही" श्रमिक सङ्गठनहरूका गतिविधिलाई मुख्य समस्याको रूपमा लिएका थिए । उनीहरूले धेरै मामलामा राजनीतिक दल सम्बद्ध श्रमिक सङ्गठनहरूले श्रम सम्बन्धसँग सम्बन्धित वास्तविक परिमाणभन्दा बढी धेरैभन्दा धेरै सदस्यहरु बनाएको अनुभव व्यक्त गरेका थिए ।

## राजनीतिक दलका युवा सङ्गठन वा आपराधिक समूहमा बढ्दो युवा संलग्नता

व्यवसायीहरूले अहिले युवाहरूका लागि रोजगारीका अवसरहरूको अभाव भएको र त्यसले जीविका धान्नका लागि अन्य खाले वैकल्पिक माध्यमहरु अपनाउने कामलाई मलजल गरेको अनुभव गरेका छन् । उनीहरूले राजनीतिक दलहरूका युवा अङ्गहरु र आपराधिक समूहहरूले आर्थिक लाभ दिने वचन दिएर आफ्नो सङ्गठनको सदस्य बन्न उक्साउने गरेको तथा (राजनीतिक युवा सङ्गठनहरूले) राजनीतिक स्वर, सुरक्षा तथा हैसियत बढ्ने बताएर सङ्गठनमा भर्ना गर्ने गरेको थाहा पाएको बताएका छन् ।

## जातीय पहिचान तर्फ लक्षित समूहको राजनीतिक परिचालन

खासगरी दाङ्, मोरङ् र सुनसरी जिल्लाका व्यापारी व्यवसायीहरूले जातीय हिसाबले लड्नका लागि समूहहरूलाई हतियारले सुसज्जित पार्ने गरिएको देखेका छन् । मोरङ् तथा सुनसरीका व्यापारी व्यवसायीहरूले देशलाई जातीय आधारमा संघीय राज्यमा बाँडियो भने हिंसाको सम्भावना बढ्ने चिन्ता व्यक्त गरेका छन् ।

## राजनीतिक आडमा जमीनमाथि कब्जा

दाङ्, कैलाली, मोरङ र सुनसरीका व्यवसायीहरूले जमीनमाथि स्वामीत्वको विवाद तथा जमीनको कब्जालाई प्रमुख सुरक्षा समस्या रहेको बताए । कैलालीमा मुक्त कमैया तथा माओवादी समर्थित सुकुम्बासी र राज्यका बीचको झडपलाई मुख्य समस्याका रूपमा लिइएको थियो । मोरङ् र सुनसरीमा जमीनको अकासिँदो मूल्यका कारण जमीनसम्बन्धी विवादहरु हिंस्रक बन्नुलाई मुख्य सुरक्षा समस्याका रूपमा मानिएको छ । बढी नाफा कमाएर रातारात धनी बन्ने जग्गा व्यापारीका दलालहरु जबर्जस्ती पैसा असुल गर्नका लागि मुख्य निशाना बनेको बुझिएको छ ।

[१] उद्योग वाणिज्य महासंघ "नो वर्क, नो पे" को पक्षमा, nepalnews.com, २२ डिसेम्बर, २००९ । उपलब्ध: http://business-a-economy/3024 fnncci sticks-to-no-work-no-pay-policy.html

यसका साथै सबै जिल्लाका निजी क्षेत्रका प्रतिनिधिहरूले स्थानीय स्तरको सुरक्षाका लागि राष्ट्रिय स्तरमा राजनीतिक स्थिरताको महत्वबारे जोड दिएका थिए । व्यापारी व्यवसायीहरूले असुरक्षालाई मुख्य समस्या मात्र नमानेर सार्वजनिक सुरक्षा व्यवस्थाको प्रभावकारितामा सुधार गर्ने काम गर्न सक्ने 'बलियो' सरकारको आवश्यकता रहेको छ भन्नेमा जोड दिए ।

काठमाडौँका निजी क्षेत्रका अगुवाहरूले पनि ४,००८ जना प्रमाणित बालबालिका तथा ढिलो भर्ती गरिएका पूर्वमाओवादी लडाकुहरूका बारेमा चासो राख्दै यस्तो उल्लेखनीय संख्याका पूर्व लडाकु बाहिरिदाँ तिनलाई विभिन्न जत्थाहरु, राजनीतिकसमूहहरु वा हतियारधारी समूहहरूले आफ्ना समूहमा तानी व्यापारी/व्यवसायीबाट जबर्जस्ती पैसा असुल गर्ने जस्ता गैरकानुनी अर्थ सङ्कलन गतिविधिमा लगाउन सक्ने सम्भावना रहेको बताएका थिए ।

## तालिका १

| जिल्ला/क्षेत्र | निजी क्षेत्रका मुख्य चासोका विषय |
|---|---|
| बारा/पर्सा | ◆ सशस्त्र समूहद्वारा जबर्जस्ती पैसा असुली, अपहरण र हत्या<br>◆ खुला सीमाना, आपराधिक समूहलाई दण्डहीनता, सामानको तस्करी<br>◆ मजदूर संघहरूको अधिक राजनीतिकरण तथा हिंस्रक श्रम विवाद |
| दाङ्ग | ◆ आपराधिक समूह, राजनीतिक दल र तिनका युवा सङ्गठनद्वारा जबर्जस्ती चन्दा असुली<br>◆ बन्द र चक्काजाम<br>◆ थरूहट मुक्ति सेनाजस्ता सशस्त्र समूहहरु बढी देखिँदै जानु |
| कैलाली | ◆ भूमिपति तथा राजनीतिक उक्साहटमा भूमिमा बसोबास गरेका मानिसहरूबीच जग्गा कब्जा गर्ने सम्बन्धी विवाद<br>◆ लगानीकर्ता तथा समुदायबीचको द्वन्द्व<br>◆ आपराधिक समूह, राजनीतिक दल र तिनका युवा सङ्गठनद्वारा जबर्जस्ती चन्दा असुली |
| काठमाडौँ | ◆ बन्द र चक्काजाम<br>◆ मजदुर संघहरूको अधिक राजनीतिकरण तथा हिंसात्मक श्रम विवाद<br>◆ सशस्त्र समूहद्वारा जबर्जस्ती पैसा असुली, अपहरण र हत्या |
| मोरङ्ग/सुनसरी | ◆ सशस्त्र समूहद्वारा जबर्जस्ती पैसा असुली, अपहरण र हत्या<br>◆ खुला सीमाना, आपराधिक समूहलाई दण्डहीनता, सामानको तस्करी<br>◆ मजदुर संघहरूको अधिक राजनीतिकरण तथा हिंस्रक श्रम विवाद |

# ४. आर्थिक वृद्धिमा असुरक्षाले पार्ने असर

## व्यापार व्यवसाय र उद्योग बन्द गर्नु, अन्तै सार्नु र अरूलाई ठेक्कामा दिनु

श्रमिकको समस्या, हडताल तथा जबर्जस्ती पैसाको माग जस्ता कार्यले नेपालका कतिपय उद्योगहरू पूरै बन्द गर्नुपरेको छ । विराटनगरका निजी क्षेत्रका प्रतिनिधिहरूले मोरङ्–सुनसरी उद्योग कोरिडोरका कूल २५० उद्योगहरूमध्ये अहिले ३० वटा उद्योग मात्र सञ्चालनमा रहेको दाबी गरेका छन् । सीमापारी भारतीय क्षेत्रमा सारिएको बहुराष्ट्रिय कोल्गेट-पाल्मोलिभ उद्योगले मुख्यतया श्रमिकको ठूलो अभाव भएकाले २००९ मा उद्योग बन्द गर्नु परेको बताएको थियो । त्यस्तै, अन्य उद्योगहरूले जबर्जस्ती गर्नेहरूको बढ्दो चलखेल वा श्रमिक सङ्गठनका बढ्दा मागको डरले गर्दा सामान्यतया कम सञ्चालन गरेको वा नयाँ व्यवसाय नगरेको देखिन्छ । ठूला व्यवसायका लागि बन्द गर्नु भनेको एक अति नै जटिल विषय हो र खर्चिलो पनि । यसरी बन्द गर्नुपर्दा मन्त्रीस्तरीय स्वीकृति आवश्यक पर्नुका साथै कामदारहरूलाई पर्याप्त मात्रामा क्षतिपूर्ति दिनुपर्ने हुन्छ । यसले गर्दा श्रमिक सङ्गठनहरूसँग सहमतिमा पुग्न अति कठिन हुन जान्छ । बन्द गर्नु भनेको सबैभन्दा अन्तिम उपाय हो र यसको अर्थ हो धेरै उद्योग व्यवसायहरूलाई घाटामा सञ्चालन गर्नु ।

## गुमेका अवसर

उद्योग व्यवसाय या त बन्द छन् या अरूलाई ठेक्कामा दिइएको छ । सुरक्षा अवस्थाको कारणले उद्योग व्यवसाय गर्न चाहने व्यवसायीहरू व्यापार व्यवसायमा लगानी गर्न निकै दुरूत्साहित भएका छन् । भ्रमण गरिएका सबै जिल्लामा निजी क्षेत्रका प्रतिनिधिहरूले बताएअनुसार उनीहरू विगत १२ वर्षयता नयाँ लगानीका लागि 'पर्ख र हेर' को स्थितिमा पुगेका छन् । बरू, नेपाल फर्केका मानिसहरू लगायतका पैसा भएका मानिस जग्गा-जमिनको भाउ नाटकीय रूपमा बढिरहेको हुनाले जमिनमा लगानी गर्ने विकल्प रोजिरहेका छन् ।

### सुरक्षाका कारणले रोकियो एक अरबको लगानी

नेपालमा पेप्सीको बोटलर्स बरूण बेभरेजेज नेपाल लिमिटेडले २००९ को नोभेम्बरमा १ अरब नेपाली रूपियाँ बराबरको लगानीमा तराईमा एक उत्कृष्ट स्तरको बोटलिङ् कारखाना स्थापना गर्ने योजनाको घोषणा गऱ्यो । २००९ को डिसेम्बरमा कम्पनीले दण्डहीनता र लडाकुहरूको सङ्गठनवादको कारण देखाई नयाँ कारखाना खोल्ने योजना रद्द भएको जनायो । बरूण बेभरेजेजको प्रबर्द्धक कम्पनी आर जे कोर्पका एक जना वरिष्ठ प्रतिनिधिले एक वक्तव्यमा भने, "वरिष्ठ अधिकारीहरूको सुरक्षाको कारणले मलाई यस्तो निर्णय गर्न लगायो ।" एक अरब रूपियाँको सम्भावित नोक्सानीका अतिरिक्त, यस निर्णयले नेपालका लागि कारखाना स्थापना गरिने क्षेत्र वरिपरिका मानिसहरूका लागि सिर्जित हुने रोजगारीको समेत नोक्सानी भयो ।

## युवाहरूको बहिर्गमनले भएको दक्ष जनशक्तिको अभाव

अधिकांश व्यवसायीहरूले असुरक्षाको मुख्य जननी तत्वका रूपमा युवा बेरोजगारीलाई लिएका छन् । अर्कोतिर, युवाहरू निकै ठूलो संख्यामा देशबाट बाहिरिनाले दक्ष जनशक्तिको अभाव हुन गएको मानिएको छ । यसले गर्दा उद्योग व्यवसायले भारतबाट श्रमिक झिकाएर काम चलाउनु परेको छ । उत्तिकै दक्ष र योग्य नेपाली श्रमिक या कर्मचारीभन्दा भारतीय श्रमिकलाई बढी तिर्नुपर्ने हुनाले व्यवसायमाथि व्ययभार थपिएको छ । यसो भए तापनि श्रमिक सङ्गठनहरूले निजी क्षेत्रलाई नेपालको श्रम ऐनलाई चलाकीपूर्वक उल्लङ्घन गरी भारतबाट श्रमिक ल्याउने गरेको आरोप लगाउने गरेका छन् ।

## विकास गतिविधि रोकिए, बजेटको दुरूपयोग भयो

जिल्ला विकास समिति (जिविस) लगायतका अन्य सरकारी निकायहरूका ठेक्कापट्टाका प्रक्रियालाई हिंसाको स्थानीयकरणमा जिम्मेवार र खासगरी राजनीतिक दलहरूका युवा अङ्गहरू बीच हिंसा भड्काउने प्रमुख तत्वका रूपमा लिइएको छ । व्यवसायीहरू ठेक्कापट्टा आफ्नो पोल्टामा पार्न राजनीतिक वा आपराधिक समूहहरूसँग मिलेमतो गरी टेबुलमुनिबाट लेनदेन गर्ने काम नरोकिएसम्म टेण्डर प्रक्रियामा आफूहरूले प्रतिस्पर्धा गर्न नसक्ने बताउँछन् । गाविसको बजेटलाई राजनीतिक दलहरू तथा अन्य शक्तिशाली समूहहरूले प्रयोग गर्नुलाई पनि द्वन्द्वको अर्को स्रोतका रूपमा हेरिएको छ ।

खासगरी सुनसरीका व्यापारी व्यवसायीहरूले राजमार्ग दक्षिणतर्फका गाविसहरूमा सरकारी तथा गैरसरकारी निकायहरूका विकास गतिविधिहरू प्रायः ठप्प भएको बताएका थिए । जिल्लामा कोशीका बाढी पीडितहरूका लागि काम गरिरहेका गैरसरकारी संस्थाहरूले पनि हतियारधारी समूहहरूसँग सम्बन्ध नराखी काम गर्न नसकिरहेको बताइएको थियो ।

# ५. सुरक्षासम्बन्धी निजी क्षेत्रले गरेका काम

यस अनुसन्धानले निजी क्षेत्रबाट असुरक्षाका मूल कारणहरूलाई न्यूनीकरण गर्न (वा सहयोग पुऱ्याउन) के भूमिका निर्वाह भएको छ भनी बुझ्ने प्रयास गरेको थियो । पत्ता लागे अनुसार, यसमा निजी क्षेत्रको दोहोरो भूमिका रहेको थियो ।

नकारात्मक रूपमा निजी क्षेत्रका केही खेलाडीहरूले अवैध काममा लागेर असुरक्षाको अवस्थालाई बढावा दिने वा त्यस्तो अवस्थाबाट फाइदा लिने गरेको बुझाइ रहेको देखिएको छ । यसमा सीमापार तस्करी, कर छल्ने, राजनीतिक खेलाडीहरु र अन्य समूहहरूसँगको मिलेमतो गरी निर्माणको ठेक्कापट्टामा प्रतिस्पर्धा गर्ने जस्ता काम पर्दछन् । राज्यका आँखा नपरेका र कमजोर शासनव्यवस्थाका कारण हुने गरेको यस्ता अनैतिक र गैरजिम्मेवार व्यापारिक अभ्यासले निजी क्षेत्रप्रति जनसाधारणको मनमा नकारात्मक छवि बनाउन मदत गरेका छन् । व्यापार व्यवसायलाई स्थानीय जनसमुदाय वा उपभोक्तालाई फाइदा नपुऱ्याउने प्रतिष्ठानका रूपमा हेरिएको छ । उदाहरणका लागि पेट्रोलियम पदार्थमा मिसावट, वैदेशिक रोजगारदाता कम्पनीहरूबाट बढी शुल्क लिने र आवेदकहरूलाई गलत किसिमले अगुवाइ गरिएको र कामदारको दुर्घटना बीमा योजना लागू नगरेको जस्ता विषयलाई अघि सारिएको थियो ।

स्पष्ट रूपमा, व्यवसायीहरूबाट जबर्जस्ती पैसा असुल्ने काम मुख्य समस्या त हुँदै हो, यस अनुसन्धानले कतिपय मामलामा गैरकानुनी काममा संलग्न भएको (सीमापार तस्करी वा कर छल्ने काम) व्यावसायिक क्षेत्र बढी जोखिममा हुन्छन् र तिनलाई युवाहरूले अगुवाइ गरेका विभिन्न राजनीतिक दलसम्बद्ध अङ्गहरू वा आपराधिक समूहहरूले ठग्ने काम गर्नु स्वाभाविकै हो । कैलालीमा एक दुई जनाले शिविरमा रहेको जनमुक्ति सेनाले शिविर नजिकै जाँच चौकी राखी बढी यात्रु वा सामान ओसार्ने बस वा मालबाहक ट्रक चलाएको वा उपयुक्त किसिमको अनुमति नलिई गाडी हाँकेको पाइएमा 'जरिवाना' लिने गरेको बताए ।

सकारात्मक किसिमका उदाहरण हेर्ने हो भने निजी क्षेत्रलाई शान्ति तथा सुरक्षा प्रबर्द्धन गर्नमा प्रभावकारी साझेदार क्षेत्रका रूपमा हेरिएको छ । उदाहरणका लागि, सुनसरी र पर्सा जिल्लाका चेम्बर अफ कमर्सहरूले क्रमशः कण्ट्रोल रूम वाहन तथा प्रहरी विशेष कार्यदल बनाउन प्रहरीलाई मदत गरेको पाइयो । कैलालीमा एक उत्साही तथा बलियो मानिएको चेम्बर अफ कमर्स जिल्लास्तरीय मध्यस्थता कार्यक्रममा संलग्न भएको थियो (जस्तै केही समय अघि जिल्लाको डुँडेझारीमा सुकुम्बासी तथा प्रहरी बीचको झडपका बेला) त्यसै गरी उसले ट्रकको सिण्डिकेट प्रणालीलाई निस्तेज गराउन राष्ट्रिय स्तरको वकालत तथा लबिङ् अभियानको नेतृत्व गरेको थियो । त्यस्ता विषयमा निजी क्षेत्रलाई निस्पक्ष सरोकारवालाका रूपमा हेर्ने गरिएकोले त्यस चेम्बरले प्रभावकारी किसिमले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न सक्यो र त्यसैले गर्दा उसले कुनै विवाद विशेषमा द्वन्द्वरत पक्षहरूलाई एक ठाउँमा ल्याउने काम गर्ने क्षमता राख्दछ ।

सामान्यता, भ्रमण गरिएका जिल्लामा चेम्बर अफ कमर्श एण्ड इण्डस्ट्रीहरु क्रियाशील रहेको र सरकारी प्रतिनिधिहरु, सुरक्षा तथा न्याय सेवा दिने निकाय र त्यस्तै अन्य नागरिक समाजका अगुवाहरूबाट समेत सम्मान प्राप्त गरेको पाइयो । माथिको उदाहरणमा देखिएजस्तै चेम्बरहरु सामान्यतया सुरक्षा व्यवस्था मामलामा स्थानीय सरकार, प्रहरी र नागरिक समाजसँग खुलेर काम गर्ने गरेका थिए ।

# ६. असर र सिफारिसहरु

यस अनुसन्धानले सार्वजनिक असुरक्षाबाट व्यापार व्यवसायमाथि पर्न गएको असरलाई देखाएको छ, तर यो क्षेत्र यस्ता समस्याසँग जुझ्ने काममा महत्वपूर्ण योगदान गर्न सक्ने स्थितिमा पनि छ । कतिपय मामलामा यसले काम गर्न बाध्य हुनु परेको छ भने यसले सुरक्षा चुनौतीहरुलाई रचनात्मक तरिकाले सामना पनि गर्न सकेको छ ।

व्यावसायिक क्षेत्रको यस प्रकारको संलग्नतालाई काठमाडौँमा सरकारी अधिकारीहरु, दातृ निकायहरु र नागरिक समाजका बीच गरिने छलफलमा सार्थक योगदान पुर्‍याउन, रणनीतिक योजना तर्जुमा गर्न र नीति निर्माण गर्नका लागि विस्तार गर्न सक्नुपर्छ । तपसीलमा प्रत्येक सरोकारवालाले निजी क्षेत्रलाई सार्वजनिक सुरक्षासम्बन्धी बहस तथा कार्यक्रममा अझ बढी सक्रियतापूर्वक संलग्न गराउनका निम्ति चाल्नुपर्ने कदमको रुपरेखा कोर्ने उद्धेश्यले केही सिफारिस प्रस्तुत गरिएका छन् ।

## निजी क्षेत्र

- असुरक्षासँग जुझ्न तदर्थवादी खालका आपतकालीन काम मात्र गर्न छोडेर असुरक्षाका मूल कारणहरुलाई सम्बोधन गर्ने खालका पूरै प्रक्रियालाई प्रभावित गर्न सक्ने पद्धतिसंगत कार्यक्रममा समय लगाउने । उदाहरणका लागि, खासगरी युवाहरुका लागि बजारयोग्य सीपहरुको प्रबर्द्धन गर्ने खालका रोजगार योजनाहरू । यसबाट युवाहरूलाई रचनात्मक रोजगारीमा लगाउन सकिनुका साथै सीपयुक्त दक्ष जनशक्तिको अभाव पूरा गर्न सकिन्छ ।
- असुरक्षालाई बढावा दिने तत्वहरूलाई पन्छाउन पारदर्शिता लगायतका जिम्मेवार व्यापारिक अभ्यासको प्रतिबद्धता र इमानदारी देखाउने । यसका लागि रोजगारदाता र कामदारबीचको सम्बन्धका न्यूनतम क्षेत्रव्यापी मापदण्डमा सहमति कायम गरी उत्पादनको गुणस्तर, बीमा प्रणाली र सामाजिक समावेशी रोजगार अभ्याससम्बन्धी नेपालमा असल व्यावसायिक अभ्यास निर्देशिका बनाउन सकिन्छ ।
- संवाद, साझेदारी र संयुक्त वकालतका लागि नागरिक समाज, सरकार तथा सुरक्षा सेवाप्रदायक निकाय जस्ता अन्य सरोकारवालाहरुसम्म पुग्ने । चेम्बर अफ कमर्सले मुख्य मुख्य सुरक्षा समस्याहरु तथा तिनका सम्भावित समाधानहरुबारे नियमित छलफल कार्यक्रमहरुको आयोजना गर्न सक्छ, साथै असुरक्षाका कारणले नेपाली जनतालाई बढ्न जाने खर्चका बारे सञ्चार माध्यमहरुसँग मिलेर जनचेतना अभिबृद्धि गर्ने काम गर्न सक्छ ।
- राष्ट्रिय स्तरमा रोजगारदाता तथा कामदारबीच विद्यमान सामाजिक संवादका प्रयासहरुलाई सुदृढ तुल्याउँदै निजी व्यापारिक प्रतिष्ठानहरुमा पनि त्यस्ता प्रयास जारी राख्ने ।
- कार्यस्थलमा उत्पन्न हुने विवादलाई सही ढंगले समाधान गर्न रोजगारदाता र कामदारहरु बीच राष्ट्रिय स्तरमा जारी सामाजिक संवादलाई सुदृढ गर्दै निजी व्यवसायको स्तरमा समेत सो कार्य चालू राख्ने ।

## सरकार

- सुरक्षा नीतिको समीक्षा तथा सुधारका काम गर्ने बेलामा व्यवसायीहरुबीच पुगेर उनीहरुलाई त्यस काममा सहभागी गराउने, जसले गर्दा सुरक्षा नीति तथा त्यसको कार्यान्वयनले व्यवसायी समुदायले सामना गर्नुपरेका चुनौतीहरु र खास खास जोखिमहरुलाई प्रतिबिम्बित तथा सम्बोधन गर्न सकुन् ।

- स्थानीय स्तरमा निजी क्षेत्र तथा नागरिक समाजलाई स्थानीय सुरक्षा आवश्यकता तथा संयुक्त समाधानका उपायहरूको कार्यान्वयन गर्नका लागि सबै सरोकारवालाहरूबीच संवाद कार्यक्रम चलाउने । राज्यका लागि यस्तो विधि निजी क्षेत्रजस्ता सरोकारवालाहरूको सहयोग आवश्यक पर्ने खालका स्थानीय सुरक्षा आवश्यकता पूरा गर्न तथा त्यसको रूपरेखा बनाउन आफ्नो क्षमता र जिम्मेवारीबारे जानकारी गराउने अवसरका रूपमा पनि उपयोगी हुन सक्छ ।

- ठेक्कापट्टाजस्ता सार्वजनिक टेण्डर प्रक्रियामा भ्रष्टाचार तथा हस्तक्षेपलाई कम गर्न इमानदारी तथा उत्तरदायित्वमा सुधार ल्याउने प्रयास गर्ने ।

## राजनीतिक दलहरु

- सुरक्षा क्षेत्रमाथि राजनीतिक हस्तक्षेप गर्दा आर्थिक विकास तथा जनतामा पर्न जाने दीर्घकालीन हानिकारक असरलाई आत्मसात गरी यस्तो समस्यालाई सम्बोधन गर्न कदम चाल्ने ।

- आर्थिक वृद्धि तथा दिगो शान्तिको महत्वलाई सार्वजनिक रूपमै आत्मसात गरी अर्थतन्त्रमा असुरक्षाले तिनमाथि पार्ने असरबारे आफ्ना युवा अङ्ग तथा श्रमिक सङ्गठन लगायतका भ्रातृ संस्थाहरूलाई शिक्षित गराउने । विशेषगरी श्रमिक सङ्गठनहरूलाई आफ्नो राजनीतिक हतियारका रूपमा प्रयोग गर्नाले पर्ने दीर्घकालीन हानिकारक असरलाई बुझ्ने ।

- राजनीतिक प्रतिरोध भन्ने कुरा नेपालको राजनीतिक परिदृश्यको एक अंश र प्राप्य (उपलब्ध हुने वस्तु) समेत हो । यसले राजनीतिक परिवर्तनलाई आत्मसात गर्न र यो आवश्यक छ भन्ने बोध गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसो भए तापनि बारम्बारका बन्द तथा हडतालहरूले गर्दा व्यावसायिक क्षेत्र, कामदार तथा उपभोक्तालगायत नेपालको अर्थतन्त्रले निकै बढी सामाजिक तथा आर्थिक मूल्य चुकाउनु परेको तथ्यलाई सबै राजनीतिक दलहरूले हृदयंगम गरी संवेदनशील तथा सजग हुनु आवश्यक छ । राजनीतिक दलहरूले आर्थिक क्रियाकलापमा नकारात्मक असर नपारिकनै कसरी राजनीतिक सहभागिता तथा क्रियाशीलता दर्साउन सकिन्छ भन्ने विषयमा दलहरूबीच संवाद कायम गर्नेबारे गम्भीर भएर सोच्नुपर्दछ ।

## नेपालस्थित अन्तर्राष्ट्रिय समुदाय

- मुख्य मुख्य सार्वजनिक सुरक्षा समस्याहरू संयुक्त रूपमा पत्ता लगाई तिनको प्राथमिकता निर्धारण गर्न निजी क्षेत्रलाई सघाउने, र यस्ता समस्याको समाधानका निम्ति स्थानीय तथा राष्ट्रिय तहमा वकालत गर्न क्षमताको विकास गर्ने ।

- सार्वजनिक सुरक्षा चासोहरूको सम्बोधनका लागि कार्यक्रमको तर्जुमा वा कार्यान्वयन गर्दा निजी क्षेत्र र नागरिक समाजलाई सरिक गराई उनीहरूको सहयोग लिने,

- व्यापारिक अभ्यास, विवाद समाधान तथा मध्यस्थता गर्ने सीप जस्ता क्षमताको माध्यमबाट कार्यक्षेत्रमा पारस्परिक सहयोग, कर्पोरेट सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यक्रम आदिमा निजी क्षेत्र, श्रमिक सङ्गठनहरु तथा नागरिक समाजको क्षमता विकास गर्न सहयोग गर्ने ।

इन्टरनेसनल अलर्ट-नेपाल
बखुन्डोल, ललितपुर, पो.ब नं. २४११८, काठमाडौँ, नेपाल
फोन नं. ९७७-१-५५२३६२०,
इ-मेलः nepal@international–alert.org
राष्ट्रिय व्यवसायिक पहल (NBI)
info@nbinepal.org.np

International Alert.
346 Clapham Road, London SW9 9AP, United Kingdom
Tel: +44 (0)20 7627 6800, Fax +44 (0)20 7627 6900, Email general@international-alert.org

ISBN: 978-9937-8450-2-1